# गुराँस राजपत्र

## गुराँस गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः १०** **संख्याः ५८** **मितिः २०८३/०६/०२**

**भागः २**


गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# बालश्रम निवारण तथा बालश्रममुक्त घोषणा कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले बालश्रम निवारण तथा बालश्रममुक्त घोषणा कार्यविधि, २०८३ जारी गरेको छ ।

# गुराँस गाउँपालिका

## बालश्रम निवारण तथा बालश्रममुक्त घोषणा कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/२४

प्रमाणीकरण मितिः २०८३/०६/०२

**प्रस्तावना:**

नेपालको संविधान, बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, बालबालिकासम्बन्धी ऐन २०७५ र बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ बमोजिम गुराँस गाउँपालिका क्षेत्रभित्र रहेका सबै बालबालिकाको अधिकारको संरक्षण, प्रवर्द्धन तथा बालश्रमको पूर्ण अन्त्य गरी गुराँस गाउँपालिकालाई **" बालश्रम निवारण तथा बालश्रममुक्त"** घोषणा गर्न आवश्यक भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद - १: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **"गुराँस गाउँपालिका बालश्रम निवारण तथा बालश्रममुक्त घोषणा कार्यविधि, २०८३ "** रहेको छ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

१) **"गाउँपालिका"** भन्नाले दैलेख जिल्ला स्थित **गुराँस गाउँपालिका** सम्झनु पर्छ।

२) **"गाउँ कार्यपालिका"** भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

३) **"बालबालिका"** भन्नाले १८ वर्ष उमेर पूरा नभएका व्यक्ति सम्झनु पर्छ।

४) **"बालश्रम"** भन्नाले १४ वर्ष मुनिका बालबालिकालाई जुनसुकै काममा लगाउने वा १४ देखि १८ वर्षसम्मका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउने कार्य सम्झनु पर्छ।

५) **"जोखिमपूर्ण काम"** भन्नाले प्रचलित बालश्रम (निषेध र नियमित गर्ने) ऐन र बालबालिकासम्बन्धी ऐनले तोकेका जोखिमयुक्त कामहरू सम्झनु पर्छ।

६) **"अनुगमन समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठन हुने बालश्रम निवारण तथा अनुगमन समिति सम्झनु पर्छ।

७) **"निकृष्ट वा जोखिमपूर्ण बालश्रम"** भन्नाले बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ बमोजिम बालबालिकाको स्वास्थ्य, सुरक्षा वा नैतिक विकासमा गम्भीर असर पार्ने प्रकृतिका श्रम कार्य सम्झनु पर्छ।

## परिच्छेद - २: बालश्रममुक्तका उदेश्य, रणनीति, सूचकहरू र मापदण्ड

### ३. मुख्य उद्देश्यहरू:

१) गाउँपालिका भित्रका सबै वडा तथा टोलहरूमा बालश्रमको अवस्था पहिचान गरी शून्यमा ल्याउने।

२) जोखिममा रहेका बालबालिका र तिनका परिवारलाई सामाजिक सुरक्षा तथा आयआर्जनका कार्यक्रममा आबद्ध गराउने।

३) अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकार सुनिश्चित गर्दै विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गराउने।

४) गुराँस गाउँपालिकालाई चरणबद्ध रूपमा बालश्रममुक्त घोषणा गर्ने।

### ४. प्रमुख कार्य रणनीतिहरू:

१) **सचेतना र प्रवर्द्धन:** समुदाय, विद्यालय, उद्योग, होटेल तथा व्यावसायिक प्रतिष्ठानहरूमा बालश्रम विरुद्धको व्यापक अभियान सञ्चालन गर्ने।

२) **तथ्याङ्क सङ्कलन र अनुगमन:** घरधुरी तथा व्यावसायिक प्रतिष्ठान स्तरमा नियमित सर्वेक्षण गरी बालश्रमको एकीकृत तथ्याङ्क अद्यावधिक गर्ने।

३) **उद्धार तथा पुनस्थापना:** बालश्रममा परेका बालबालिकाको तत्काल उद्धार, पारिवारिक पुनर्मिलन वा वैकल्पिक रेखदेख र शिक्षाको व्यवस्था गर्ने।

४) **प्रोत्साहन तथा दण्ड सजाय:** बालश्रम गराउने व्यवसायी वा व्यक्तिलाई पालिकाबाट पाइने सुविधा रोक लगाउने र बालश्रममुक्त व्यवसायलाई पुरस्कृत गर्ने।

### ५. बालश्रममुक्त घोषणाका लागि आवश्यक सूचकहरू:

गाउँपालिका वा कुनै पनि वडालाई बालश्रममुक्त घोषणा गर्नका लागि देहायका मापदण्ड तथा सूचकहरू पुरा भएको हुनुपर्नेछ:

| क्र.सं. | सूचकको क्षेत्र | विवरण तथा मापदण्ड |
|---|---|---|
| १ | **बालश्रम स्थिति** | तोकिएको भौगोलिक क्षेत्रभित्र कुनै पनि बालबालिका प्रत्यक्ष वा अप्रत्यक्ष बालश्रममा नरहेको हुनुपर्ने। |
| २ | **विद्यालय पहुँच** | ५ देखि १२ वर्ष उमेर समूहका १००% बालबालिका विद्यालय भर्ना भई नियमित उपस्थिति रहेको हुनुपर्ने। |
| ३ | **पहिचान र प्रमाणीकरण** | सम्बन्धित वडाका सबै घरधुरी, पसल, उद्योग, तथा कार्यस्थलको स्थलगत सर्भेक्षण भई तथ्याङ्क अद्यावधिक भएको हुनुपर्ने। |
| ४ | **पुनर्स्थापना** | बालश्रमबाट उद्धार गरिएका बालबालिकाको पारिवारिक पुनर्मिलन वा शिक्षा/संरक्षणको व्यवस्था पूर्ण रूपमा भएको हुनुपर्ने। |
| ५ | **स्थानीय प्रतिबद्धता** | व्यवसायी, उद्योगी, यातायात व्यवसायी, जनप्रतिनिधि तथा समुदायबाट बालश्रम प्रयोग नगर्ने लिखित प्रतिबद्धता प्राप्त भएको हुनुपर्ने। |

## परिच्छेद - ३: संस्थागत संरचना र समितिहरू

**६. गाउँपालिकास्तरीय बालश्रम निवारण अनुगमन समिति:** बालश्रममुक्त अभियानको सञ्चालन, समन्वय र अनुगमन गर्न देहाय बमोजिमको समिति रहनेछ:

क) **संरक्षक:** गाउँपालिका अध्यक्ष

ख) **संयोजक:** गाउँपालिका उपाध्यक्ष

ग) **सदस्य:** प्रमुख प्रशासकीय अधिकृत

घ) **सदस्य:** सामाजिक विकास समिति संयोजक

ङ) **सदस्य**ः सबै वडाका अध्यक्षहरू

च) **सदस्य:** स्थानीय प्रहरी प्रमुख

छ) **सदस्य:** उद्योग वाणिज्य सङ्घ/व्यापारी प्रतिनिधि (१ जना)

ज) **सदस्य:** बाल अधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था प्रतिनिधि (१ जना)

झ) **सदस्य सचिव:** महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा प्रमुख

**७. वडास्तरीय अनुगमन समिति:**

प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको वडा बाल अधिकार समिति र बालश्रम निवारण उपसमिति गठन गरिनेछ।

क) वडा बाल अधिकार समिति:

- **संयोजक:** सम्बन्धित वडाको वडा अध्यक्ष
- **सदस्य:** वडा सभाका महिला सदस्यहरू (वडा महिला सदस्य र दलित महिला सदस्य)
- **सदस्य:** वडाभित्र रहेका विद्यालयका प्रधानाध्यापकहरू वा शिक्षक प्रतिनिधिहरूमध्येबाट १ जना
- **सदस्य:** वडाभित्रका स्वास्थ्य स्वयंसेविका वा स्वास्थ्य चौकीका प्रतिनिधि १ जना
- **सदस्य:** वडास्तरीय बाल सञ्जाल / बाल क्लबका प्रतिनिधि (बालक र बालिका दुवैको प्रतिनिधित्व हुने गरी) २ जना
- **सदस्य:** अपाङ्गता भएका बालबालिका वा सो क्षेत्रमा कार्यरत नागरिक समाज/सामाजिक संघ-संस्थाका प्रतिनिधि १ जना
- **सदस्य-सचिव:** वडा सचिव

ख) बालश्रम निवारण उपसमितिः

- संयोजक: वडा बाल अधिकार समितिको संयोजक वा वडा अध्यक्षले तोकेको वडा सदस्य
- सदस्य: वडाभित्रका उद्योग, वाणिज्य वा व्यापार संघ/प्रतिनिधि १ जना
- सदस्य: ट्रेड युनियन वा श्रमिक संगठनका स्थानीय प्रतिनिधि १ जना
- सदस्य: बाल अधिकार वा बाल संरक्षणको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था (NGO)/नागरिक समाजका प्रतिनिधि १ जना
- सदस्य: वडा बाल सञ्जाल/बाल क्लबका प्रतिनिधि (बालक र बालिका दुवैको प्रतिनिधित्व हुने गरी) २ जना
- सदस्य: नेपाल प्रहरी (स्थानीय चौकी/प्रहरी वृत्त) को प्रतिनिधि १ जना
- सदस्य-सचिव: वडा सचिव

**८. समितिको काम, कर्तव्य र अधिकार:**

१) आफ्नो क्षेत्रभित्र बालश्रमको स्थिति सर्वेक्षण गर्ने र तथ्याङ्क अद्यावधिक राख्ने।

२) बालश्रम जोखिममा रहेका परिवारलाई सहायता पुऱ्याउन सिफारिस गर्ने।

३) बालश्रममुक्त घोषणाका लागि तोकिएका सूचकहरू पूरा भए नभएको अनुगमन गर्ने।

४) बालश्रम सम्बन्धी उजुरी प्राप्त भएमा उद्धार तथा राहतको तत्काल पहल गर्ने।

## परिच्छेद - ४: बालश्रममुक्तीको प्रक्रिया र चरणहरू

**९. घोषणाका चरणहरू:**

बालश्रममुक्त घोषणा गर्दा देहायका ५ चरणहरू पूरा गर्नुपर्नेछ:

[१. प्रारम्भिक तयारी तथा अभिमुखीकरण]

↓

[२. तथ्याङ्क सङ्कलन तथा सर्भेक्षण]

↓

[३. उद्धार, राहत तथा पुनर्स्थापना]

↓

[४. अनुगमन, प्रमाणीकरण र प्रतिबद्धता]

↓

[५. औपचारिक घोषणा तथा दिगोपना]

**१०. चरणगत विवरण:**

१) **पहिलो चरण (तयारी):** बजेट विनियोजन, सरोकारवालासँग अभिमुखीकरण, कार्यदल गठन र प्रचारप्रसार।

२) **दोस्रो चरण (सर्भेक्षण):** वडाका सबै घरधुरी, होटेल, पसल, इट्टाभट्टा, यातायात क्षेत्रमा घरधुरी सर्भे गरी बालश्रमको तथ्याङ्क अद्यावधिक गर्ने।

३) **तेस्रो चरण (पुनर्स्थापना):** बालश्रममा भेटिएका बालबालिकालाई उद्धार गरी विद्यालय भर्ना, छात्रवृत्ति तथा विपन्न परिवारलाई जीविकोपार्जन सहयोग उपलब्ध गराउने।

४) **चौथो चरण (प्रमाणीकरण):** अनुगमन समितिले स्थलगत निरीक्षण गरी बालश्रम नरहेको सुनिश्चित गर्ने।

५) **पाँचौँ चरण (घोषणा):** वडास्तरबाट सुरु गरी क्रमशः सिङ्गो गाउँपालिकालाई सार्वजनिक समारोह आयोजना गरी बालश्रममुक्त घोषणा गर्ने।

## परिच्छेद - ५: कोष, प्रोत्साहन, दण्ड तथा सजाय

**११. बालकोषको व्यवस्था:**

१) गाउँपालिकाले बालश्रम निवारण, उद्धार, र जोखिममा रहेका बालबालिकाको शिक्षाका लागि एक **"बाल कल्याण तथा पुनस्थापना कोष"** को स्थापना गर्नेछ।

२) उक्त कोषमा गाउँपालिकाको बजेट, सङ्घीय/प्रदेश सरकारको अनुदान र विभिन्न सङ्घसंस्थाको योगदान समावेश गर्न सकिनेछ।

**१२. पुरस्कार र प्रोत्साहन:** बालश्रममुक्त अभियानमा उत्कृष्ट योगदान पुऱ्याउने वडा, टोल विकास संस्था, विद्यालय, वा गैरसरकारी संस्थालाई गाउँपालिकाले वार्षिक रूपमा सम्मानित तथा पुरस्कृत गर्नेछ।

**१३. दण्ड, सजाय र पालिकाको कारबाही:**

१) कसैले बालबालिकालाई बालश्रममा लगाएको पाइएमा प्रचलित ऐन (बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६ तथा बालबालिका सम्बन्धी ऐन, २०७५) बमोजिम कारबाहीका लागि सिफारिश गरिनेछ।

२) बालश्रम गराउने व्यवसायी वा फर्मलाई गाउँपालिकाबाट दिइने सेवा, सुविधा, अनुदान, इजाजतपत्र नवीकरण आदि रोक्का गर्न सकिनेछ।

## परिच्छेद - ६: दिगोपना र विविध

**१४. दिगोपनाका उपायहरू:** घोषणापश्चात् पुनः बालश्रम सिर्जना नहोस् भन्नका लागि:

१) **उजुरी पेटीका र हटलाइन:** प्रत्येक वडा र विद्यालयमा बाल अधिकार/बालश्रमसम्बन्धी सूचना दिने व्यवस्था मिलाइनेछ।

२) **आकस्मिक अनुगमन:** अनुगमन समितिले समय-समयमा बजार तथा कार्यस्थलहरूमा आकस्मिक अनुगमन गर्नेछ।

३) **बजेट निरन्तरता:** बाल संरक्षण तथा शिक्षा सम्बन्धी कार्यक्रममा गाउँपालिकाले वार्षिक बजेट विनियोजन जारी राख्नेछ।

**१५. अनुगमन तथा मूल्याङ्कन:** घोषणा पश्चात् पुनः बालश्रम दोहोरिन नदिनका लागि गाउँपालिका स्तरीय अनुगमन समितिले वर्षको कम्तीमा दुई पटक अनुगमन गर्नेछ।

**१६. संशोधन र बाधा अडकाउ फुकाउने:** यस कार्यविधिमा कुनै संशोधन गर्नुपरेमा कार्यपालिकाको बहुमतबाट संशोधन गर्न सकिनेछ। कार्यविधि कार्यान्वयनमा कुनै दुविधा भएमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**अनुसूची–१: बालश्रम स्थिति सर्वेक्षण फाराम**

**(घरधुरी तथा व्यावसायिक प्रतिष्ठानका लागि)**

**गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

**रानीमत्ता, दैलेख**

**भाग–१: सामान्य परिचय**

- **सर्वेक्षण मिति:** २०......... / ......... / .........
- **वडा नं.:** ........................ **गाउँ/टोलको नाम:** ..................................................
- **फाराम भरिएको क्षेत्र:**

[ ] घरधुरी (Household) [ ] व्यावसायिक प्रतिष्ठान (Business/Establishment)

**भाग–२: घरधुरी / प्रतिष्ठानको विवरण**

**क) घरधुरी भएमा:**

१) **मुलीको नाम/थर:** ...............................................................

२) **सम्पर्क नं.:** ....................................

३) **पारिवारिक सदस्य संख्या:** पुरुष: [......] महिला: [......] जम्मा: [......]

४) **१८ वर्ष मुनिका बालबालिकाको संख्या:**

- ५ वर्ष मुनि: [......] ५ देखि १४ वर्ष: [......]
- १५ देखि १७ वर्ष: [......]

**ख) व्यावसायिक प्रतिष्ठान भएमा:**

१) **प्रतिष्ठान/फर्मको नाम:** ...........................................................................

२) **सञ्चालक/मालिकको नाम:** ...........................................................................

३) **व्यवसायको प्रकार:**

[ ] होटेल/खाजाघर/रेस्टुरेन्ट [ ] किराना/व्यापारिक पसल

[ ] गाडी/ग्यारेज/यातातयात

[ ] ग्रिल/काठ उद्योग/निर्माण

[ ] कृषि/पशुपन्छी फर्म

[ ] अन्य (खुलाउने): ...................................

४) **सम्पर्क नं.:** ...................................

५) **दर्ता नम्बर/इजाजतपत्र छ/छैन:** [ ] छ [ ] छैन

**भाग–३: बालबालिका तथा बालश्रमको स्थिति**

**(नोटः घरधुरीमा रहेका वा प्रतिष्ठानमा काम गर्ने १८ वर्ष मुनिका प्रत्येक बालबालिकाको लागि छुट्टाछुट्टै भर्ने)**

| क्र.सं. | बालबालिकाको नाम/थर | लिङ्ग (म/प/अन्य) | उमेर (वर्ष) | विद्यालय जाने गरेको/नगरेको | विद्यालय नजानुका कारण (छोडिसकेको भए) | श्रम/काममा संलग्न छ/छैन? |
|---|---|---|---|---|---|---|
| १. | | | | [ ] जान्छ [ ] जाँदैन | | [ ] छ [ ] छैन |
| २. | | | | [ ] जान्छ [ ] जाँदैन | | [ ] छ [ ] छैन |
| ३. | | | | [ ] जान्छ [ ] जाँदैन | | [ ] छ [ ] छैन |

**भाग–४: श्रममा संलग्न बालबालिकाको विस्तृत विवरण**

*(यदि भाग-३ मा 'काममा संलग्न छ' भन्ने पाइएमा मात्र भर्ने)*

१) **श्रमको प्रकार:**

[ ] घरेलु कामदार

[ ] होटेल/भान्सा/वेटरिङ

[ ] भारी बोक्ने/ग्यारेज/निर्माण

[ ] ज्यालादारी कृषि श्रम

[ ] अन्य (खुलाउने): ...................................

**२) काम गर्ने दैनिक घण्टा:**

[ ] ४ घण्टाभन्दा कम

[ ] ४ देखि ८ घण्टा सम्म

[ ] ८ घण्टाभन्दा बढी (अति जोखिमपूर्ण)

**३) कामको प्रकृति:**

[ ] साधारण/हल्का काम

[ ] जोखिमपूर्ण (औजार, रसायन, आगो, भारी सामान, रातिको काम आदि)

**४) मासिक पारिश्रमिक/सुविधा:**

नगद रकम (मासिक): रु. ...................................

[ ] खाना र बस्न मात्र [ ] अभिभावकलाई भुक्तानी दिइने

**५) बालबालिकाको बसोबासको स्थिति:**

[ ] आफ्नै अभिभावकसँग [ ] रोजगारदाताको घर/प्रतिष्ठानमा

[ ] भाडा वा अन्य ठाउँमा

**भाग–५: सूचक तथा जोखिम मूल्याङ्कन**

| **क्र.सं.** | **मूल्याङ्कन सूचक** | **अवस्था (हो / होइन)** | **कैफियत** |
|---|---|---|---|
| १. | बालबालिका अनिवार्य तथा निःशुल्क शिक्षाबाट वञ्चित छन्? | [ ] हो [ ] होइन | |
| २. | कामको कारण बालबालिकाको शारीरिक/मानसिक स्वास्थ्यमा असर परेको छ? | [ ] हो [ ] होइन | |
| ३. | बालबालिकालाई घरेलु वा अन्य कुनै हिंसा/शोषणको जोखिम छ? | [ ] हो [ ] होइन | |
| ४. | परिवार/प्रतिष्ठान बालबालिकालाई श्रमबाट हटाउन तयार छ? | [ ] हो [ ] होइन | |

**भाग–६: गणक र उत्तरदाताको प्रमाणीकरण**

| **उत्तरदाताको तर्फबाट:** | **तथ्याङ्क सङ्कलन गर्ने गणकको तर्फबाट:** | **प्रमाणित गर्ने (वडा स्तरीय बाल अधिकार समिति/वडा प्रतिनिधि):** |
|---|---|---|
| उत्तरदाताको नाम: .....................<br>पद/नाता: ................................<br>दस्तखत: .............................. | गणकको नाम: ..............................<br>पद/संस्था: ...................................<br>दस्तखत: ................................... | नाम: ....................................<br>पद: ......................................<br>दस्तखत: ................................ |
| | मिति: २०......... / ......... / ......... | छाप: |

## अनुसूची–२: बालश्रम नगराउने प्रतिबद्धता-पत्र

## (व्यवसायी, फर्म तथा घरधुरीधनीले भर्नुपर्ने)

**श्री संयोजकज्यू,**

वडा बाल अधिकार समिति

वडा नं. ..........., गुराँस गाउँपालिका

दैलेख, कर्णाली प्रदेश।

**विषय: बालश्रम नगराउने तथा बालअधिकार संरक्षण सम्बन्धी प्रतिबद्धता-पत्र।**

म/हामी निम्न विवरण भएको व्यवसायी/घरधुरीधनी नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ तथा **गुराँस गाउँपालिका बालश्रम निवारण तथा बालश्रममुक्त घोषणा कार्यविधि, २०८३** प्रति पूर्ण प्रतिबद्ध रहँदै यो सङ्कल्प/प्रतिबद्धता-पत्र पेस गर्दछु/गर्दछौँ:

**व्यक्तिगत / व्यावसायिक विवरण:**

- **प्रतिबद्धता जनाउने व्यक्तिको नाम:** ..............................................................................
- **नागरिकता नं.:** .................................................... **जारी जिल्ला:** .........................
- **फर्म/व्यवसाय/घरको नाम:** ....................................................................................
- **व्यावसायिक दर्ता/पान नं. (भएमा):** ..........................................................................
- **ठेगाना:** गुराँस गाउँपालिका, वडा नं. ......., टोल: ........................................................
- **सम्पर्क मोवाइल नं.:** .....................................................

**प्रतिबद्धताका सर्तहरू:**

१) म/हामीले आफ्नो घर, पसल, होटेल, ग्यारेज, उद्योग, निर्माण कार्य, वा अन्य कुनै पनि व्यावसायिक/गैर-व्यावसायिक कार्यमा **१८ वर्ष मुनिका बालबालिकालाई बालश्रमिकका रूपमा काममा लगाएका छैनौँ र भविष्यमा पनि लगाउने छैनौँ।**

२) यदि मेरो घर, फर्म वा प्रतिष्ठानमा कुनै बालबालिका आश्रित वा कार्यरत रहेको पाइएमा निजलाई नियमानुसार तत्काल उद्धार, पारिवारिक पुनर्मिलन वा विद्यालय भर्ना गराउने प्रक्रियामा वडा/गाउँपालिकालाई पूर्ण सहयोग गर्नेछु।

३) म/हामी आफ्नो क्षेत्रभित्र कतै बालश्रम भइरहेको वा बालबालिकाको अधिकार हनन भएको थाहा पाएमा तुरुन्त वडा बाल अधिकार समिति, गाउँपालिका वा नजिकैको प्रहरी कार्यालयमा सूचना दिनेछौँ।

४) यो प्रतिबद्धताको उल्लंघन गरी बालबालिकालाई काममा लगाएको पाइएमा प्रचलित कानून तथा गुराँस गाउँपालिकाको कार्यविधि बमोजिम हुने कारबाही (जस्तै: व्यवसाय दर्ता/नवीकरण रोक्का, गाउँपालिकाबाट पाइने सेवा सुविधा स्थगन तथा कानूनी सजाय) भोग्न म/हामी पूर्ण रूपमा तयार रहनेछौँ।

**प्रतिबद्धता व्यक्त गर्नेको:**

- **दस्तखत:** ......................................................
- **नाम/थर:** ..............................................................................
- **पद (व्यवसायको हकमा):** ......................................................
- **मिती:** २०......... / ......... / .........
- **फर्म/प्रतिष्ठानको छाप (व्यावसायिक हकमा):**

**रोहवर (प्रमाणीकरण गर्ने):**

**वडा बाल अधिकार समितिको प्रतिनिधि / वडा प्रतिनिधि:**

- **नाम:** ..............................................................................
- **पद:** ..............................................................................
- **दस्तखत:** ......................................................
- **मिति:** २०......... / ......... / .........

**अनुसूची–३: वडा स्तरीय बालश्रममुक्त सिफारिस फाराम**

**गुराँस गाउँपालिका**

**वडा बाल अधिकार समितिको कार्यालय**

**वडा नं. ........, दैलेख**

**पत्र सङ्ख्या:** ................... **मिति:** २०......... / ......... / .........

**चलानी नं.:** ...................

**श्रीमान् संयोजकज्यू,**

गाउँपालिकास्तरीय बाल अधिकार समिति

गुराँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रानीमत्ता, दैलेख ।

**विषय: वडालाई बालश्रममुक्त क्षेत्र घोषणाका लागि सिफारिस गरिएको सम्बन्धमा।**

उपरोक्त विषयमा **गुराँस गाउँपालिका बालश्रम निवारण तथा बालश्रममुक्त घोषणा कार्यविधि, २०८३** मा तोकिएका न्यूनतम सूचक तथा मापदण्डहरू यस वडा नं. ........ भित्र पूर्ण रूपमा पालना भई सूचक हासिल भइसकेकोले यो सिफारिस फाराम पेस गरिएको छ।

यस वडाभित्र सञ्चालित सर्वेक्षण, घरधुरी तथा व्यावसायिक प्रतिष्ठानहरूको सघन अनुगमन, बालश्रमिकहरूको उद्धार तथा पुनःस्थापना, र सार्वजनिक प्रतिबद्धता सङ्कलन कार्य सम्पन्न भइसकेको छ। सो सम्बन्धी संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ:

**१. वडाको संक्षिप्त तथ्याङ्क तथा सूचकको अवस्था:**

| क्र.सं. | सूचक / विवरण | कुल सङ्ख्या / अवस्था | कैफियत |
|---|---|---|---|
| १. | वडाभित्रका कुल घरधुरी सङ्ख्या | ................... | |
| २. | वडाभित्रका कुल व्यावसायिक प्रतिष्ठान/उद्योग/होटेल सङ्ख्या | ................... | |
| ३. | कुल बालबालिकाको सङ्ख्या (१८ वर्ष मुनि) | ................... | |
| ४. | विद्यालय उमेरका (५-१२ वर्ष) बालबालिकाको विद्यालय भर्ना दर | १०० % | [ ] हासिल भएको |

| | | | |
|---|---|---|---|
| ५. | प्रारम्भिक सर्वेक्षणमा भेटिएका कुल बालश्रमिक सङ्ख्या | .................... | |
| ६. | उद्धार, पुनःस्थापना तथा विद्यालय भर्ना गरिएका बालबालिका सङ्ख्या | .................... | |
| ७. | हाल वडामा रहेका बालश्रमिकको सङ्ख्या | शून्य (०) | [ ] हासिल भएको |
| ८. | घरधुरी तथा व्यवसायीहरूबाट सङ्कलित प्रतिबद्धता-पत्र सङ्ख्या | .................... | |

**२. वडा बाल अधिकार समितिको निर्णय:**

यस वडा बाल अधिकार समितिको मिति २०......... / ......... / ......... मा बसेको बैठकको निर्णय नं. ........ अनुसार यस वडालाई **"बालश्रममुक्त वडा"** घोषणा गर्न योग्य रहेको ठहराई गाउँपालिका स्तरीय बाल अधिकार समिति समक्ष अनुगमन तथा अन्तिम स्वीकृतिका लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

**३. संलग्न कागजातहरू:**

क) वडा बाल अधिकार समितिको निर्णयको प्रतिलिपि – १ प्रति।

ख) वडा स्तरीय बालश्रम स्थिति सर्वेक्षण प्रतिवेदन (सङ्क्षिप्त पाटो) – १ प्रति।

ग) सङ्कलित प्रतिबद्धता-पत्रहरूको विवरण (अनुसूची–२ को सूची) – १ प्रति।

घ) उद्धार तथा पुनःस्थापना गरिएका बालबालिकाको विवरण – १ प्रति।

**सिफारिस गर्ने:**

| **वडा सचिव (सदस्य-सचिव):** | **वडा अध्यक्ष (संयोजक):** |
|---|---|
| नामः ............................................................<br>दस्तखत: ....................................................<br>मिति: २०......... / ......... / ......... | नामः ........................................................<br>दस्तखत: ....................................................<br>छाप: |

## अनुसूची–४: बालश्रममुक्त घोषणा प्रमाणपत्र

## गुराँस गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## रानीमत्ता, दैलेख

## बालश्रममुक्त घोषणा प्रमाणपत्र

**प्रमाणपत्र नं.:** ................... **मितिः** २०... / ..../ ....

**यो प्रमाणपत्र गुराँस गाउँपालिका, वडा नं. ........ (वा सम्पूर्ण गुराँस गाउँपालिका)** लाई नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ तथा **गुराँस गाउँपालिका बालश्रम निवारण तथा बालश्रममुक्त घोषणा कार्यविधि, २०८३** ले तोकेका सम्पूर्ण न्यूनतम सूचक तथा मापदण्डहरू पूर्ण गरी क्षेत्रभित्रका सबै बालबालिकाको अनिवार्य शिक्षाको अधिकार सुनिश्चित गर्दै बालश्रम शून्य अवस्थामा पुऱ्याएकाले **"बालश्रममुक्त वडा / गाउँपालिका"** कारूपमा सफलतापूर्वक घोषणा गरिएको प्रमाणित गर्दै यो **प्रमाणपत्र** प्रदान गरिएको छ।

यस क्षेत्रलाई निरन्तर बालश्रममुक्त राखिराख्न सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, व्यवसायी, अभिभावक तथा सरोकारवालाहरूको निरन्तर सहयोग, प्रतिबद्धता र अनुगमनको अपेक्षा गरिन्छ।

| **सदस्य-सचिव**<br>(महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा) | **संयोजक / उपाध्यक्ष**<br>(गाउँपालिकास्तरीय बाल अधिकार समिति) | **अध्यक्ष**<br>(गुराँस गाउँपालिका) |
|---|---|---|
| नामः .....................................<br>दस्तखतः...............................<br>मितिः .................................. | नामः .....................................<br>दस्तखतः...............................<br>मितिः .................................. | नामः .....................................<br>दस्तखतः...............................<br>मितिः .................................. |

*(कार्यालयको छाप)*

आज्ञाले,
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत